परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : १४३ पृष्ठ ४ २०८२ चैत्र १ गते, आईतबार 15 March, 2025 मूल्य रु. ५/-




हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

### निर्वाचनले रोकिएको

# कुर्था–जनकपुर–जयनगर रेल्वे पुनः सञ्चालनमा

● टक नेपाल

कुर्था-जनकपुर-जयनगर रेल्वे सञ्चालनमा आए सँगै जनकपुर र नेपाल भारत सीमावर्ती क्षेत्रका सर्वसाधारणहरू लाभान्वित भएका छन् । प्रतिनिधिसभा निर्वाचनका समयमा पूर्ण रूपमा सेवा बन्द गरिएको रेल सेवा अहिले सामान्य रूपमा सञ्चालन भइरहेको छ।

रेल विभागले २०१९ मा ८४ करोड ६५ लाख रुपैयाँमा भारतको सरकारी कम्पनी कोंकन रेल्वे कपो रेसनसँग रेल किनेको हो भने पाँच वटा डिब्बासहितका एउटा रेलमा एकैपटक १२ देखि १३ सय यात्रुले यात्रा गर्न सक्छन् । डिजेल इले क्टिक मल्टिपल युनिट डिजेल र विधुत दुवैबाट चल्ने डिपिसि १९०१ र डिपिसि १९०२ नम्बरको दुवै रेल १६ सय हर्स पावरका छन् ।



हाललाई कुर्था-जनकपुर-जयनगरमा मात्र सञ्चालक गरिँदै आएको नेपाल रेल्वे राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पूर्व-पश्चिम विद्युतीय रेल मार्ग निर्माणको काम सर्लाहीमा मात्र ९० प्रतिशत सकिएको छ। पूर्व-पश्चिम विद्युतीय रेलमार्गअन्तर्गत सर्लाही खण्डमा ९० प्रतिशत काम सकिएको आयोजनाको लालबन्दी कार्यालयले जानकारी दिएको छ।

निर्वाचनको समयमा हरेक पार्टीको घोषणा पत्रमा लेखिने पूर्व-पश्चिम विद्युतीय रेल मार्ग सञ्चालनको योजनाले अहिले सम्म पूर्णता पाएको छैन । यस पटक राष्ट्रिय स्वतन्त्र पार्टीले पनि पूर्व-पश्चिम विद्युतीय रेल मार्ग सञ्चालनको योजना आफ्नो वाचा पत्रमा समावेश गरिएको छ।

रास्वपाको वाचा पत्रमा नेपालको यातायात प्रणालीमा दीर्घकालीन परिवर्तन ल्याउन विस्तृत अध्ययनको आधारमा रेलमार्ग विस्तारको ५० वर्षे गुरुयोजना बनाउने रहेको छ, र यसको शाखा मार्ग काठमाडौं, पोखरा, दाङ, सुर्खेत र तराईका प्रमुख सहरहरूमा पुऱ्याउने र त्यसलाई भारत र चीनको रेलमार्गसँग जोड्ने रहेको छ।

यस सर्लाही खण्डको केही स्थानमा भने ट्र्याक निर्माणको कामसमेत बाँकी रहेको छ। सागरनाथ वन परियोजना र मूर्तिया वन कार्यालयले रूख कटान नगर्दा काम रोकिएको छ। हरिवन नगरपालिका-५ घुर्कौली क्षेत्रका केही किसानले अझै मुआब्जा लिन नमानेका कारण काम अगाडि बढ्न सकेको छैन। किसानले जग्गाको मूल्यांकन बढाउन माग गर्दै काम गर्न अवरोध गरिरहँदा त्यस क्षेत्रमा कामको प्रगति शून्य छ।




# रास्वपा संसदीय दलको विधान संशोधन तयारी

प्रतिनिधि सभा निर्वाचनमा झन्डै दुई तिहाइ जित हासिल गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले संसदीय दलको नेता चयन गर्न पार्टीको विधानलाई संशोधन गर्ने तयारी गरेको छ। रास्वपाको विधानको धारा ६६ को ८ (ख) मा संसदीय दलको नेता चयन गर्दा पार्टीका सम्पूर्ण सदस्यले मतदानमार्फत संसदीय दलको नेता चयन गर्ने व्यवस्था रहेको छ।

रास्वपामा हालसम्म पार्टीको महाधिवेशन भइनसकेकाले विधान परिमार्जनको अधिकार केन्द्रीय समितिलाई रहेकाले आगामी केन्द्रीय समितिले विधानका कतिपय प्रावधानलाई समय अनुकूल बनाउन लागेको हो। रास्वपाले उक्त व्यवस्थालाई संशोधन गरी संसदीय दलको नेता चयनसम्बन्धी व्यवस्थालाई समयानुकूल बनाउन लागेको हो। निर्वाचनअघि पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहलाई भावी प्रधानमन्त्रीका रूपमा घोषणा गरिएको थियो। सामान्यतया पार्टी सभापति नै संसदीय दलको नेता बन्ने प्रचलन छ।

निर्वाचनमा रास्वपाले एकल बहुमत प्राप्त गरेको अवस्थामा पार्टीले यसअघि नै घोषणा गरेका शाहलाई संसदीय दलको नेता चयन गरी प्रधानमन्त्री चयन गर्ने प्रक्रियालाई समय सान्दर्भिक बनाउन रास्वपाले विद्यमान विधान परिवर्तन गर्न लागेको हो। बहुमत पार्टी सदस्यबाट संसदीय दलको नेता चयन गर्ने व्यवस्था व्यावहारिक नभएको निर्क्योलसहित रास्वपाले विधान संशोधन गर्न लागेको हो। रास्वपा केन्द्रीय सदस्य गणेश कार्कीले पार्टी सदस्यबाट संसदीय दलको नेता चयन गर्ने विधि प्रक्रियालाई परिमार्जन गरी छिटोछरितो र व्यावहारिक बनाउन लागिएको बताउनुभयो।

कार्कीले भन्नुभयो, "निर्वाचनअघि वरिष्ठ नेता शाह र रास्वपाबिचको सहमति अनुसार पार्टीको विधान परिमार्जन आवश्यक थियो सोही अनुसार गर्ने गरी छलफल भइरहेको हो।" उहाँले निर्वाचित प्रतिनिधि सभा सदस्यबाटै संसदीय दलको नेता चयन गर्ने तयारी भइरहेको पनि बताउनुभयो।

फागुन २१ मा सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा रास्वपाले प्रत्यक्षतर्फ १६५ मध्ये १२५ सिट र समानुपातिकतर्फ ११० मध्ये ५७ सिट गरी १८२ सिटमा जित हासिल गरेको छ। यो सङ्ख्या प्रतिनिधि सभाको कुल २७५ सिटको दुई तिहाइमा दुई मत कम हो। रास्वपाले प्रत्यक्ष र समानुपातिकबाट निर्वाचित सांसदमध्येबाट ५०

बाकी पृष्ठ २.....

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### कमजोर हुँदै गएको कम्युनिस्ट

नेपालको राजनीतिमा कुनै पनि दल एउटा चुनावमा कमजोर भयो भन्दैमा सधैँका लागि समाप्त हुन्छ भन्ने निष्कर्ष निकाल्न मिल्दैन। तर पछिल्लो समय देखिएको चुनावी प्रवृत्तिले नेपालका कम्युनिस्ट दलहरू गम्भीर चुनौतीमा परेको संकेत गरेको छ। विगतमा करिब ४०-५० प्रतिशतसम्म मत प्राप्त गर्ने वामपन्थी शक्तिहरू यसपटक २० प्रतिशतभन्दा तल झरेको देखिनु कम्युनिस्ट जनमत आधा घटेको स्पष्ट संकेत हो। यदि यही प्रवृत्ति आगामी दिनमा पनि कायम रह्यो भने यी दलहरूको भविष्य अझै कमजोर बन्न सक्छ।

यस अवस्थाका मुख्य कारणहरू आन्तरिक नेतृत्व संघर्ष, वैचारिक संकट र जनअपेक्षाअनुसार परिवर्तन गर्न नसक्नु हुन्। एक समय दुईतिहाइ बहुमत प्राप्त गरेका कम्युनिस्ट शक्तिहरू नेतृत्वबीचको अहंकार र विभाजनका कारण कमजोर भए। यसले मतदातामा निराशा र अविश्वास बढायो।

त्यसैगरी, २१औँ शताब्दीको बदलिँदो राजनीतिक-सामाजिक परिवेशमा नयाँ विचार, एजेन्डा र न्यारेटिभ निर्माण गर्न नसक्नु पनि अर्को कमजोरी हो। परम्परागत विचारधारामात्रै समातेर राजनीति गर्न खोज्दा जनतासँगको दूरी बढ्दै गएको देखिन्छ।

यस परिस्थितिमा कम्युनिस्ट दलहरूको भविष्य उनीहरूले कति आत्मसमीक्षा गर्छन्, नेतृत्व परिवर्तन र एकता कति स्थापित गर्छन् भन्नेमा निर्भर हुनेछ। अन्यथा नेपालको राजनीति नयाँ शक्तिहरूको उदयतर्फ अघि बढ्ने सम्भावना बढ्दै गएको छ।

# बजेट नआउँदा धनुषाको कमला नगरपालिकामा विकासका काम रोकिए

• विजयकुमार साह

धनुषाको कमला नगरपालिकामा चालू आर्थिक वर्षको बजेट अझै पारित हुन नसक्दा विकास निर्माणका कामदेखि सेवा प्रवाह प्रभावित भएका छन् ।




जनप्रतिनिधिबीच आन्तरिक विवादका कारण चालू आर्थिक वर्षको आठ महिना बित्न लाग्दा पनि नगर परिषद् हुन सकेको छैन ।स्थानीयका अनुसार नगरसभा नहुँदा बजेट ल्याउन नसकेकाले नगरपालिका क्षेत्रका विकास आयोजना ठप्प भएका छन् भने कर्मचारी, शिक्षक तथा सामाजिक सुरक्षा भत्ता पाउने सेवाग्राहीसमेत समस्यामा परेका छन् ।

नगरपालिकाभित्रका विभिन्न विद्यालयका शिक्षकले विगत आठ महिनादेखि तलबभत्ता नपाएको भन्दै आन्दोलनमा उत्रिएका छन् ।नगरपालिकाभित्रका पाँच वटा माध्यमिक विद्यालय, दुई वटा निम्न माध्यमिक विद्यालय र दश वटा प्राथमिक विद्यालयका शिक्षक आन्दोलनमा उत्रिएका हुन् ।

शिक्षक आन्दोलनका कारण करिब सात हजार विद्यार्थीको पठनपाठन प्रभावित भएको छ ।शिक्षकले विगतमा नगरपालिकासँग भएको सहमतिअनुसार आठ महिनाको बक्यौता तलबभत्ता एकमुष्ट भुक्तानी गर्नुपर्ने र नियमित तलबको व्यवस्था गर्नुपर्ने माग गरेका छन् ।

माग सम्बोधन नभएसम्म विद्यालय सञ्चालन नगर्ने अडान रहेको जनहित माध्यमिक विद्यालय माची झिटकैयाका प्रधानाध्यापक जगन्नाथ यादवले बताउनुभयो ।नगरपालिकाको बजेट नल्याउँदा शिक्षक मात्र होइन, स्वास्थ्य, कृषि, वडा कार्यालय तथा अन्य शाखामा कार्यरत कर्मचारीसमेत प्रभावित भएका छन् ।

बजेट नहुँदा विकास निर्माणका योजना कार्यान्वयन हुन सकेका छैनन् ।सडक, पूर्वाधार र अन्य विकास आयोजनाका काम रोकिँदा स्थानीयवासी निराश बनेका छन् ।

त्यस्तै कमला नगरपालिकाका नौ हजार पाँच सयभन्दा बढीले विगत आठ महिनादेखि सामाजिक सुरक्षा भत्ता समेत पाउन सकेका छैनन् ।

नियमित रूपमा प्रत्येक तीन महिनामा वितरण गरिनुपर्ने उक्त भत्ता लामो समयदेखि नपाउँदा ज्येष्ठ नागरिक, एकल महिला तथा अन्य लाभग्राही समस्यामा परेका छन् ।

कमला नगरपालिका लगमाका ७२ वर्षीय गङ्गाई ठाकुरले आठ महिनादेखि सामाजिक सुरक्षा भत्ता नपाएको गुनासो गर्नुभयो । उहाँका अनुसार नियमित रूपमा पाउनुपर्ने भत्ता नपाउँदा दैनिक जीवन चलाउनसमेत कठिन भएको छ ।

नगर उपप्रमुख शिलादेवी मण्डलले नगर प्रमुखले नगरसभा नबोलाउँदा बजेट पारित हुन नसकेको बताउनुभयो ।नगरसभा बोलाउन आफूले पटकपटक आग्रह गरे पनि नगरप्रमुखले पहल नगरेको उहाँले जानकारी दिनुभयो ।

नगर प्रमुख विशेश्वर यादवले आइतबार नगरसभासम्बन्धी बैठक बोलाइएको जानकारी दिँदै सोही बैठकबाट नगरसभाको मिति तय गरिने बताउनुभयो ।

साविक हरिने, लक्कड, सिंग्याही मडान, दुबरकोट, माची झिटकैयालगायत छ वटा गाविस मिलेर बनेको कमला नगरपालिकामा नौ वटा वडा रहेका छन् ।

यहाँ करिब ४२ हजारभन्दा बढी जनसङ्ख्या बसोबास गर्दै आएका छन् । धनुषाको १८ स्थानीय तहमध्ये १७ वटाले चालू आर्थिक वर्षको बजेट सार्वजनिक गरिसेका छन् ।

## रास्वपा संसदीय..............

प्रतिशत मत कटाउने उम्मेदवारलाई संसदीय दलको नेता चयन गर्ने व्यवस्थासहितको विधान संशोधन गर्न लागेको हो ।

विधान संशोधनपछि रास्वपाको संसदीय दलले वरिष्ठ नेता शाहलाई सर्वसम्मत रूपमा संसदीय दलको नेता चयन गर्ने तयारी गरेको छ । गत पुस १३ गते रास्वपा र शाहबिच भएको सातबुँदे सहमतिमा शाहलाई पार्टीको वरिष्ठ नेता र भावी प्रधानमन्त्री बनाउने सहमति भएको थियो ।

रास्वपाको केन्द्रीय सभापति र पार्टी नेतृत्व रवि लामिछाने, सरकारको नेतृत्व बालेन्द्र शाह र समग्र पार्टी र सरकारको नीति रणनीतिको नेतृत्व उपसभापति स्वर्णिम वाग्लेले गर्ने गरी आन्तरिक कार्यविभाजनको तयारीबारे समेत पार्टीमा अनौपचारिक छलफल भइरहेको बुझिएको छ ।

यसैबिच रास्वपाले पार्टीमा छलफल गरेर समानुपातिकतर्फको सूची तयार गर्ने काम पनि अघि बढाएको छ। रास्वपाले समानुपातिकतर्फ ५७ सिटमध्ये ४८ जना महिला समानुपातिक सदस्य चयन गर्नुपर्ने हुन्छ ।


## डेंगु (Dengue)



डेंगु भनेको भाईरस ईन्फेक्सन हो । यो एडिज जातको पोथी लामखुट्टेको टोकाईबाट मानिसमा सर्ने रोग हो । एडिज लामखुट्टे भनेको एक प्रजातिको लामखुट्टे हो जुन प्राय: भण्डारण गरेर राखेको सफा पानीमा बस्छ र यसले प्राय: दिनमा टोक्ने गर्छ । यो लामखुट्टेले सफा पानी जमेको स-साना स्थानमा फुल पार्ने गर्दछ । खासगरी वर्षाको पानी जम्ने टिनका डब्बाहरु, रंगका खाली डब्बा, थोत्रा वा पुराना टायर, अलकत्रा वा खाली ड्रमहरु, फुलदानी, गमला, कुलर, पानी ट्याङ्की आदीमा यसले फुल पार्दछ । वर्षात्को महिनासँगै जतातत्तै पानी जम्न थालेपछि यो रोगको प्रकोप हुने गरेको पाइन्छ ।

### डेंगु संक्रमण कसरी हुन्छ ?

यो रोग मानिसबाट मानिसमा सिधै सर्दैन । संक्रमित व्यक्तिलाई यदि कुनै लामखुट्टेले टोक्यो र त्यही लामखुट्टेले अन्य स्वास्थ्य व्यक्तिलाई टोक्यो भने डेंगु सर्छ ।



### लक्षणहरु :

- उच्च ज्वरो आउनु, टाउको दुख्नु र पेट दुख्नु
- वाकवाकी लाग्नु, - आँखाको गेडी दुख्नु
- जीउ र जोर्नी दुख्नु, उच्च ज्वरो आएको ३/४ दिनपछी रातोरातो बिमिरा आउनु

### बच्ने उपायहरु :

- पानी जम्ने भाँडा खाली गर्ने
- बट्टा, ड्रम र गाडीको टायर घरको वरिपरी नराख्ने
- पुरा बाहुला भएको वा शरीर ढाक्ने कपडा लगाउने
- सुत्दा झुल प्रयोग गर्ने
- शरीरमा लामखुट्टे भगाउने मलम लगाउने
- घरका झ्याल ढोकामा जाली लगाउने
- घर वरपर सफा सुग्घर राख्ने, खाल्डाखुल्डी पुर्ने

बर्दिवास नगरपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी








# इरान किन चर्चामा छ

● टक नेपाल

पश्चिम एसिया यतिखेर अशान्त छ। यसको प्रत्यक्ष असर एसिया महादेशको बाँकी भागमा पर्ने नै भयो, परोक्ष प्रभाव सिंगो विश्वले बेहोरिरहेको छ। युक्रेनतिरको युद्धले मूलतः युरोपलाई पिरोलेको थियो। दिन प्रतिदिन परिस्थिति जटिल हुँदो छ। पेट्रोलियम पदार्थको उत्पादन र ढुवानी प्रभावित हुँदा आयात गरिएको इन्धनमा भर पर्ने कुन चाहिँ देशको अर्थतन्त्र संकटमुक्त रहन सक्ला र ?

इरान एकैपल्ट इजरायल र अमेरिका दुईतिरबाट भएको हवाई आक्रमणमा परेपछि क्षेत्रीय शान्ति खल्बलिएको हो। शक्तिराष्ट्र अमेरिका नै संलग्न रहेको कारबाही भएकाले विश्व शान्ति र सुरक्षा एकाएक धरापमा परेको महसुस गरिएको छ। अवस्था मंगबार यी हरफ लेखुञ्जेलसम्म पनि तरल देखिएको छ किनभने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको स्वर र शैली कठोर हुन छोडेको छैन। इजरायलका प्रधानमन्त्री बेञ्जामिन नेतन्याहू अझ बढी आक्रामक भएर युद्ध-संयन्त्र सञ्चालन गरिरहेका छन्। राजधानी तेहरान र अन्य कतिपय नगरमा आधुनिक क्षेप्यास्त्र, ड्रोनहरूको वर्षा रोकिएको छैन। सैनिक बर्दीधारी मात्र होइन हजारौंको संख्यामा गैरसैनिक इरानी नागरिकको ज्यान गएका खबरहरू आउने क्रम रोकिएको छैन। पहिलो दिनको अमेरिकी हवाई हमलाको निशानामा एउटा प्राथमिक विद्यालय पर्‍यो जहाँ ७-१२ वर्ष उमेरका १६० जनाभन्दा बढी बालिकाको प्राण गयो। संयुक्त राष्ट्रसंघको मानव अधिकार आयोगले यसको तीव्र निन्दा गरेको छ। ट्रम्पको भनाइमा त्यो नरसंहार इरानी सैनिकहरू आफैंले गराएका हुन् !

इस्लामिक गणतन्त्र इरानमा यसपल्टको पहिलो अमेरिकी हवाई हमला २८ फेब्रुअरी (फागुन १६ गते) भयो जसमा सर्वोच्च धार्मिक नेता आयातोल्लाह अली खामेनी, उनकी पत्नी, रक्षामन्त्री र सेनापति समेत ५० जनाको ज्यान गयो। इरान एकाएक नेतृत्वविहीनजस्तो हुन गयो। यसबाट ट्रम्प र नेतन्याहू उत्साहित भए। नेतृत्वको अभावमा इरान कमजोर भएको अनुमान त गरे तर वाशिङटन र तेल अविव दुबै ढुक्क भने थिएनन्। इरानले प्रत्याक्रमण गर्ने अनुमान भएकाले इजरायलको सरकारले नागरिक सुरक्षाका यथोचित उपाय अपनायो। नभन्दै इरानले इजरायलका सैनिक संरचनाहरूलाई लक्ष्य गरेर क्षेप्यास्त्रहरू प्रहार गर्ने क्रम थाल्यो जुन हप्तादिनपछिसम्म पनि रोकिएन। लामो दूरी छिचोलेर अमेरिकी महादेशमा प्रहार गर्ने हतियार भएको भए सके त्यता पनि इरानले प्रयास गर्थ्यो होला।

सायद त्यो सम्भव नभएकाले इरानको युद्ध-संयन्त्रले खाडी क्षेत्रमा भएका देशमा राखिएका अमेरिकी सैन्य शिविर (अखाडा) हरूलाई तारो बनाउने काम गर्‍यो। कतिपय क्षेप्यास्त्रले नजिकका होटल, विमानस्थल र गगनचुम्बी भवन समेतका संरचना क्षतिग्रस्त हुन पुगे। एकातिर खाडी देशका बासिन्दा आतङ्कित भए भने अर्कोतिर नेपाल लगायतका मुलुकबाट आएका लाखौंलाख श्रमिक संकटको भूमरीमा परे, परेकै छन्।

हवाई सेवा अवरुद्ध हुँदा दशौं हजार यात्रु अलपत्र पर्नु र पर्यटन व्यवसाय अस्तव्यस्त हुनु त्यस भेगका सबै देशका लागि चिन्ताको विषय भएको छ। केही देशमा अमेरिका आफैंले कूटनीतिक नियोग बन्द गरेर त्यहाँ कार्यरत कर्मचारीलाई स्वदेश फर्काएको छ। सम्भवतः अमेरिकाले यस हदमा खुम्चिनु पर्ला भन्ने अनुमान ट्रम्प प्रशासनले गरेको थिएन।

**अस्तित्वको संकट**

आखिर के कुराले ट्रम्पलाई इरानमाथि चढाञी गर्न हुटुहुटी गरायो त ? इजरायलको कुरो त बुझ्न सकिन्छ :- आफ्नो अस्तित्व नै संकटमा पर्ने भयले इरानमाथि जाइलाग्न र उसको शस्त्रागार नष्ट गर्न हौसिएको हुनु पर्छ। 'इजरायललाई ध्वस्त पार्ने' इरानी नीति भएकाले समयमै सावधानी अपनाउन खोजेको होला भन्न सकिन्छ। अमेरिका चाहिँ... ? त्यस शक्तिराष्ट्रलाई इरानले ध्वस्त गराउने प्रण नै गरेको रहेछ भने पनि ठूलो क्षति गराउने सामर्थ्य राख्दैन। यति कुरो ट्रम्प प्रशासनले बुझेको हुनु पर्छ। त्यसो भए किन खनिएको ट्रम्प प्रशासन इरानमाथि ? पश्चिमा देशकै प्रमुख समाचार माध्यममा आएका खबर र टिप्पणी पढ्दा के थाहा हुन्छ भने इरानमाथिको सैनिक कारबाहीको अन्तिम लक्ष्य के हो त्यसबारे ट्रम्प आफैं स्पष्ट छैनन्।

इरानले आणविक लगायतका हात-हतियार नबनाओस् भनेर हो ? त्यसो हो भने जुन, २०२५ को '१२-दिने युद्ध' मै शक्तिशाली बम विस्फोटन गराएर आणविक केन्द्रहरू पूरै निमिट्यान्न गर्‍यौं भनेर उनले दाबी नगर्नु पर्ने। कि कट्टरपन्थी शिया मुसलमान शासकहरूबाट इरानका जनताले मुक्ति पाउन् भनेर हो ? त्यसो हो भने इरानी जनतालाई संगठित र सशक्त पार्न सघाउ पुर्‍याउन के-के उपाय गर्रिंदै छ त ? त्यसको कुनै तयारी सतहमा देखिएको छैन। बरु ट्रम्पले इरानी जनतालाई यसो भन्नु पर्याप्त मानेः-शीर्षस्थ नेताहरूलाई हामीले पन्छाइदिहाल्यौं, अब अवसरको लाभ लिन जनता आफैं अग्रसर हुनुपर्‍यो।'

ट्रम्पका परराष्ट्र मामिला मन्त्री मार्को रुबियोले प्रेससामु प्रकट हुँदा एकदिन यसो भन्न पुगेः-इजरायलको सरकारले हामीलाई यस मामिलामा हात हाल्न बाध्य गरायो। हामीलाई के थाहा भयो भने अमेरिका संलग्न नभए पनि इजरायलले इरानमाथि प्रहार गर्छ, गर्छ। त्यस बखतमा जवाफी हमला गर्दा इरानले हामीलाई पनि छोड्ने छैन। अर्थात् अमेरिकी सुरक्षाउपर 'टर्नै नसक्ने धम्की' आउने भयो। त्यसैले 'अपरेसन फ्यूरी' नामको सैनिक कारबाही थाल्नुपरेको हो।' प्रतिनिधिसभाका सभामुख माइक जोन्सन (जो रिपब्लिकन पार्टीका सदस्य हुन्) ले पनि प्रेसलाई उस्तै आशयको बयान दिएः-राष्ट्रपति ट्रम्प यो कठोर निर्णय लिनैपर्ने अवस्थामा पर्नुभयो।'




सभामुख जोन्सनले त्यस क्रममा इरान हमलाका चार उद्देश्य बताएः-क्षेप्यास्त्र उत्पादन र प्रयोग गर्ने इरानी क्षमतालाई नष्ट गरिदिनु, जलसेनाको शक्ति विनास पारिदिनु, आणविक हतियार बनाउने बाटो बन्द गरिदिनु र इरानका शासकलाई आतंकारी समूहहरूलाई हतियार, पैसा र निर्देशन दिन नसक्ने तहमा झारिदिनु। सारांशमा, अमेरिकाको सैन्यशक्ति मूलतः इजरायलका लागि प्रयोग गरिएको हो। त्यसै हुनाले यो 'अमेरिका पहिले' भन्ने ट्रम्पको नारासँग मेल खाने कार्यशैली भएन। ख्यातिप्राप्त प्रोफेसर जेफ्री स्याक्स जस्ता विद्वान्हरूले ट्रम्प इजरायलको 'कठपुतली' हुन पुगे भनेर कडा शब्दमा आलोचना गर्दैआएका छन्। जानकारहरूको रायमा औपचारिक रूपमा जे-जस्ता कारण देखाइए पनि ट्रम्पका आँखा तेल लगायतका खनिज वस्तुमा परेका छन्।

**कानुनको उपेक्षा**

सरकारी स्तरबाटै अमेरिकाले इजरायलको लागि काम गरेको भन्ने स्वीकारोक्ति आएपछि राष्ट्रपति ट्रम्पले 'अमेरिकी जनताको काँधमा अनावश्यक युद्ध थोपरिदिएका हुन्' भन्ने जनधारणा प्रबल भएको हो। साथै, अमेरिकामै पेट्रोलियम पदार्थको मूल्य सँगसँगै बजारभाउ अक्कासिनु, बेरोजगारी बढ्नु र अन्तर्राष्ट्रिय समुदायमा अमेरिकाको साख घट्दै जानुबाट ट्रम्पलाई निकै अप्ठ्यारो परेको देखिन्छ यद्यपि उनका लिखित तथा भिडियो सन्देशहरूले त्यस्तो अड्कलका लागि ठाउँ छोड्ने गरेका छैनन्। संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्मा खटेका बखत ट्रम्पकी पत्नी र अन्य अमेरिकी कूटनीतिक प्रतिनिधिहरूले ट्रम्पबारे बाहिरबाट भएको आलोचनाको खण्डन गरेको पाइन्छ।

राष्ट्रपति ट्रम्पले यसअघि भेनेजुएलाउपर गरेको सैनिक कारबाहीजस्तै इरानमाथिको आक्रमण अमेरिकी संविधानको व्यवस्थालाई नै बेवास्ता गर्दै भएको छ भनेर अमेरिकी सांसद्हरूले सार्वजनिक रूपमा आवाज उठाएका छन्। स्मरणीय छ, अमेरिकी संविधानले संसद् (कंग्रेस) को अनुमति लिएर मात्र सरकार लडाञीमा जान पाउँछ भनेर किटान गरेको छ। ट्रम्प तथा उनका सहयोगी सल्लाहकारहरू कांग्रेसलाई यो जना सुनायो भने त्यो सूचना चुहेर शत्रु पक्षकहाँ पुग्छ भनेर जोखिम नमोलेको हो भन्ने तर्क दिने गर्छन्। सभामुख सहितको 'आठजनाको समूह' लाई गोप्य जानकारी दिएकै हो भनेर पन्छिन रुचाउँछन्। एकतर्फी र सानो समूहलाई गराएको 'जानकारी' संसदीय अनुमतिको विकल्प हुन सक्ने कुरै आएन। यस्तो अनौपचारिक भेटघाट कानुनी आधार बन्न सक्दैन।

अन्तर्राष्ट्रिय कानुनको खिल्ली उडाउने सिलसिला त ट्रम्प प्रशासनले भेनेजुएलाको घटनाबाटै थालेको हो। आफैं सदस्य रहेको विश्वसंस्थाको बडापत्र (चार्टर) लाई उपेक्षा गर्दै सुरक्षा परिषद्को स्थायी सदस्य अमेरिकाले राष्ट्रसंघको अनुमतिबेगर सैनिक आक्रमण गरेको विषय अन्तर्राष्ट्रिय कानुनविद्हरूले चर्चामा ल्याएका छन्। भनिन्छ, सन् २००१ मा अफगानिस्तान र २००३ मा इराकउपर हमला गर्नुअघि जत्तिको औपचारिकता समेत यस पटक निर्वाह भएन। उतिखेरका महासचिव कोफी अनानले प्रष्ट शब्दमा इराकमाथिको हमला 'गैरकानुनी' हो भनेर बोलेका थिए। स्विडेनको विश्वविद्यालयमा अन्तर्राष्ट्रिय कानुन विषय पढाएका, अनुभवी प्रोफेसर कटक मल्लको भनाइ छः-हो, राष्ट्रसंघीय बडापत्रको धारा ५१ ले 'आत्मरक्षा' (सेल्फ-डिफेन्स) का लागि सदस्य-राष्ट्रले बल प्रयोग गर्न पाउने प्रावधान राखेको छ। अहिले इरानको सन्दर्भमा यो प्रावधान आकृष्ट हुँदैन किनभने इरानी क्रियाकलापबाट अमेरिकी सुरक्षामा 'तत्काल खतरा' परेको देखिंदैन। पछि–कालान्तरमा--जोखिम पर्नसक्ने अड्कलको आडमा अहिले नै आक्रामक हुन पाउने सुविधा अन्तर्राष्ट्रिय कानुनले दिएको छैन। बरु इरानले चाहिँ आत्मरक्षाका लागि सैनिक उपाय अवलम्बन गर्न पाउँछ। तर उसले पनि विमानस्थल, गैरसैनिकहरूको आवास भएका भवन र सार्वजनिक संरचनालाई ध्वस्त गर्न मिल्दैन, पाउँदैन।'

**नाजायज कदम**

सन् १९७९ मा राजतन्त्रको अन्त्य गरेपछि इरानमा स्थापित इस्लामिक राज्यका शासकहरू क्रूर र कठोर भएकोमा सन्देह छैन। यो वास्तविकता नीलो आकासजत्तिकै छर्लङ्ग छ। तथापि त्यसको निहुँमा इरानको सार्वभौमिकता, स्वतन्त्रता र भौगोलिक अखण्डतालाई कुण्ठित गरेको घटनालाई साबिकमा अमेरिकाको निकट रहेका स्पेन, फ्रान्स, बेल्जियम, आयरल्याण्ड र बेलायत समेतका सरकारले अन्तर्राष्ट्रिय कानुनको हेक्का नराखीकन गरेको सैनिक कारबाहीलाई जायज मान्न सकेनन्। बेलायतका प्रधानमन्त्री केएर स्टारमरले आफ्नो देशका सैनिक शिविरहरू इरानमा आक्रमण गर्ने प्रयोजनका लागि अमेरिकालाई दिन सकिँदैन भनिदिए। ट्रम्प रुष्ट भए। २१ औं शताब्दीको आरम्भमा अमेरिका इराकउपरको सैनिक कारबाहीमा लाग्यो। सद्दाम हुसेनको इराकले कुवेत कब्जा गरेको हुनाले कुवेतलाई पुनः स्वतन्त्र गराउन त्यो कदम चाल्नु परेको थियो। करिब तीनसय अमेरिकी सैनिकको ज्यान गयो। त्यसपछि अफगानिस्तान प्रत्यक्ष अमेरिकी सैनिक निशानामा पर्‍यो। त्यो सन् २००१ सेप्टेम्बर ११ मा अमेरिकामा भएको आतङ्ककारी घटनाको सिलसिलामा थियो। करिब २० वर्ष त्यो देशलाई अधीनस्थ राख्दा २५ सय बर्दीधारी अमेरिकी र १८ सय अन्य अमेरिकीको ज्यान गयो। अमेरिकालाई भरथेग दिने अन्य देशको पनि निकै नोक्सानी भयो। सन् २००३ मा इराकउपरको चढाञीमा ४४ सय अमेरिकी सैनिक गुमे। खबौं डलर खर्च भयो। आखिर यस्ता कृयाकलापबाट कसको हित भयो त ?

**अन्त्यमा**

कतै यो संसार तेस्रो विश्वयुद्धको सँघारमा आइपुगेको त होइन ? चौतर्फी अनिष्ट र भयको वातावरण छ। यसैलाई इंगित गर्दै आयरल्याण्डकी राष्ट्राध्यक्ष क्याथरिन कोन्नोलीले अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा भनिन्--राष्ट्रसंघको चार्टर उल्लंघन गर्दा आइपर्ने विनासकारी परिणामको उपेक्षा गर्न सकिँदैन।' स्मरणीय छ, आयरल्याण्ड नेपालजस्तै सन् १९५५ मा संयुक्त राष्ट्रसंघको सदस्य भई सन् १९५८ देखि हालसम्म शान्ति सेनामार्फत विश्वसंस्थालाई योगदान गर्दैआएको मुलुक हो।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

२४ सं घण्टा इमजेन्सी सेवा
ICU,NICU,PICU सेवा
EndosocopyDiode Laser सेवा
विभिन्न विभागहरुको विशेषज्ञ डाक्टरहरुद्धारा उत्कृष्ट स्वास्थ्य सेवा
Laproscopy सेवा
X-Ray, USG, CT Scan सेवा
क्याबिनको समेत व्यवस्था भएको
247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# प्रतिबद्धता पूरा गर्न दृढतापूर्वक लाग्ने छु'

● टक नेपाल



धनुषा निर्वाचन क्षेत्र नम्बर ४ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित हुनुभएका राजकिशोर महतोले निर्वाचनअघि मतदातासँग गरेको प्रतिबद्धता पूरा गर्न दृढताका साथ लागिपर्ने बताउनुभएको छ। उहाँले मधेशमा देखिएको शिक्षा र स्वास्थ्यको कमजोर अवस्था, समस्यै समस्याले भेलिएको कृषि व्यवसाय र बढ्दो बेरोजगारीलाई प्रमुख समस्याका रूपमा बुझेर आगामी दिनमा ती विषयमा सुधार गर्न आफू लागिपने बताउनुहुन्छ।

उहाँ भन्नुहुन्छ, "यस क्षेत्रका लागि गर्नुपर्ने सयौं काम छन्। प्राथमिकता केलाई दिने भन्ने नै समस्या छ। त्यसैले स्थानीयको आधार भूत आवश्यकता पूरा गर्दै शिक्षा, स्वास्थ्य, कृषिलाई सुधार्दै दीर्घकालीन विकासका कामलाई ध्यान दिनेछु।"

महतोले निर्वाचन अभियानका क्रममा यस क्षेत्रका अधिकांश गाउँ र टोलमा पुगेर आफूले स्थानीय समस्या र आवश्यकताबारे जानकारी लिएको बताउनुभयो। उहाँ भन्नुहुन्छ, "आगामी दिनमा ती मतदाताको माग र आवश्यकता अनुसार नै काम गर्ने छु। घरदैलो अभियानका क्रममा नागरिकले सडक, खाने पानी, सिँचाइ, शिक्षा र स्वास्थ्यको सुधार हुनुपर्ने माग गरेका छन्।"

उहाँले यस क्षेत्रमा किसानले बाँदर, बँदेल र नीलगाईलगायतका वन्यजन्तुबाट हैरान भएकाले त्यसको वैज्ञानिक व्यवस्थापन गर्ने, नदीनालाबाट हुने गरेको अवैध उत्खनन र त्यसले सिर्जना गर्ने समस्याको निवारण गर्न उचित कानुनी संयन्त्रको विकास गर्ने आफ्नो योजना रहेको बताउनुभयो।

महतोले मधेशका ग्रामीण क्षेत्रमा सम्भावनामा आधारित कार्यक्रम सञ्चालन गर्न गराउन विशेष भूमिका निर्वाह गर्ने पनि बताउनुभयो।

शिक्षण पेसाबाट सुरु भएको महतोको सामाजिक जीवनयात्रा सामाजिक सेवा, व्यवसाय हुँदै हाल राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारका रूपमा राजनीतिकतर्फ मोडिएको छ।

धनुषाको बटेश्वर गाउँपालिका-३ निवासी ५१ वर्षीय महतो व्यवस्थापन विषयमा स्नातक हुनुहुन्छ। उहाँले सोलुखुम्बुको गोलीमा रहेको बुद्ध माध्यमिक विद्यालयमा करिब छ वर्ष अध्यापन गर्नुभयो। त्यसपछि चिकित्सा क्षेत्रसँग सम्बन्धित व्यवसायमा प्रवेश गर्दै १० वर्ष मेडिकल सेल्स अफिसर (एमआर) का रूपमा काम गर्नुभयो। पछिल्लो समय उहाँ वेभ फर्मा केमिकल्स प्रालिका प्रबन्ध निर्देशकको जिम्मेवारी पूरा गर्दागर्दै सामाजिक सेवामा पनि सक्रिय रहँदै आउनुभएको थियो। उहाँ कविर फाउन्डेसन नेपालका अध्यक्षको जिम्मेवारीमा पनि हुनुहुन्छ।

महतोले २०७४ सालको आमनिर्वाचनमा जनता समाजवादी पार्टीबाट धनुषा-४ को प्रदेश सभा 'ख' मा उम्मेदवारी दिनुभएको थियो। त्यसबेला उहाँ करिब आठ हजारभन्दा बढी मत प्राप्त गर्नुभएको भए पनि पराजित हुनुभएको थियो। पछिल्लो समय महतो राष्ट्रिय स्वतन्त्र पार्टीको अभियान तथा प्रचारप्रसार विभागका केन्द्रीय सदस्यसमेत रहनुभएको थियो।

# सङ्घीयता कार्यान्वयन भए मधेशका नागरिक अधिकारका लागि काठमाडौँ धाउनुपर्दैन थियो : मुख्यमन्त्री यादव

● टक नेपाल



मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले सङ्घीय व्यवस्थाअनुसार प्रदेश सरकारलाई दिइएका अधिकारहरू पूर्ण रूपमा कार्यान्वयन भए प्रदेशले आफ्नै स्तरबाट धेरै समस्याको समाधान गर्न सक्ने बताउनुभएको छ।

मधेश प्रदेश सरकारको बजेटबाट जनकपुरधामस्थित मधेश प्रदेश प्रहरी कार्यालय परिसरमा निर्माण हुन लागेको ब्यारेक तथा भान्सा घर भवनको शिलान्यास कार्यक्रममा बोल्दै मुख्यमन्त्री यादवले सङ्घीयताको मर्मअनुसार अधिकार कार्यान्वयन भए मधेशका नागरिकले आफ्ना अधिकारका लागि पटकपटक काठमाडौँ धाउनुपर्ने अवस्था अन्त्य हुने धारणा व्यक्त गर्नुभयो।

उहाँले चुनावअघि जनकपुरधाममा आयोजित राष्ट्रिय स्वतन्त्र पार्टीको चुनावी सभामा काठमाडौँ महानगरपालिकाका मेयर बालेन साहले दिएको अभिव्यक्तिलाई स्मरण गर्दै भन्नुभयो, "फागुन २१ गतेको निर्वाचनपछि देशमा देखिएको नयाँ राजनीतिक परिवर्तनसँगै अब आशा गर्छु-काठमाडौँ अधिकार माग्न होइन, साँच्चै घुम्न मात्र जान परोस्।"

मुख्यमन्त्री यादवले मधेशका नागरिकलाई अधिकारका लागि राजधानी धाउनुपर्ने बाध्यता अन्त्य हुनुपर्ने उल्लेख गर्दै सङ्घीयताको सफल कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच स्पष्ट अधिकार बाँडफाँड आवश्यक रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "हामी यस्तो नेपाल बनाउन चाहन्छौँ जहाँ मधेशका नागरिक काठमाडौँ अधिकार माग्न होइन, घुम्न मात्रै जाउन्। स्थानीय र प्रदेश सरकारलाई पर्याप्त अधिकार र स्रोत उपलब्ध गराउनु नै सङ्घीयताको वास्तविक मर्म हो।"

उहाँका अनुसार सङ्घीयता लागू भएको लामो समय बितिसक्दा पनि प्रदेश सरकारले धेरै अधिकारका लागि अझै सङ्घीय सरकारतर्फ हेर्नुपर्ने अवस्था रहेको छ।

धेरै नीति, योजना तथा बजेट सम्बन्धी निर्णयहरू केन्द्रमै सीमित हुँदा प्रदेश सरकारलाई प्रभावकारी रूपमा काम गर्न कठिनाइ भइरहेको उहाँको भनाइ थियो।

मुख्यमन्त्री यादवले मधेश प्रदेश सरकारले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार तथा रोजगारीका क्षेत्रमा सुधार ल्याउन विभिन्न कार्यक्रम अघि बढाएको जानकारी दिनुभयो।

तर आवश्यक अधिकार र स्रोत पर्याप्त नहुँदा अपेक्षित परिणाम प्राप्त गर्न चुनौती रहेको उहाँले उल्लेख गर्नुभयो।

संघीयतामाथि उठ्ने प्रश्नहरूको जवाफ दिँदै उहाँले भन्नुभयो, "सङ्घीयत असफल भएको होइन, यसको पूर्ण कार्यान्वयन अझै बाँकी छ।"

सङ्घीय संरचनालाई प्रभावकारी बनाउन केन्द्र, प्रदेश र स्थानीय तहबीच सहकार्य आवश्यक रहेको उहाँले जोड दिनुभयो।मुख्यमन्त्री यादवले मधेश प्रदेशको विकास र समृद्धिका लागि बन्ने नयाँ सङ्घीय सरकारसँग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै भन्नुभयो, "हाम्रो लक्ष्य अधिकार मागमै समय खर्च गर्नु होइन, विकास र समृद्धिमा केन्द्रित हुनु हो। त्यस दिन मधेशका जनता काठमाडौँ अधिकार माग्न नभई घुम्न मात्रै जानेछन्।"

मधेश प्रदेश सरकारको बजेटबाट जनकपुरधामस्थित मधेश प्रदेश प्रहरी कार्यालय परिसरमा करिब १५ करोड ५१ लाख २२ हजार ३२९ रुपैयाँ लागतमा ब्यारेक तथा भान्सा घर भवन निर्माण हुन लागेको हो।

१८ महिनाभित्र सम्पन्न गर्ने लक्ष्यसहित निर्माण हुने उक्त भवन तीन हजार १८६.१ वर्गमिटर क्षेत्रफलमा पाँच तले बन्नेछ।

एम.एस. तुलसी भक्त कन्स्ट्रक्सन प्रा.लि. ले निर्माण गर्ने उक्त भवन २०८३ पुस १९ गतेभित्र सम्पन्न गर्ने लक्ष्य रहेको मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक गोविन्द थपलियाले जानकारी दिनुभयो।

## जनहितमा जारी

- बिना अनुमति बोडिङ नगनुहोस्।
- भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
- जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
- खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
- सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
- गहिो बोडिङ गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
- अनियन्त्रित बोडिङले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
- बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
- पानीको सिाइकल पुन:प्रयोग प्रविधि प्रयोगमा ल्याआं।
- कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
- जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
- 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उतां।



सम्सी गाउँपालिका,महोत्तरी

## परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-



- सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
- सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
- लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
- घर वरपर पानी जम्न नदिने

सोनमा गाउँपालिका , महोत्तरी, मधेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014